श्रोतः अभियान, २०७१/१२/२१

# बुढीगण्डकीको कार्यालयलाई ७३ रोपनी जग्गा अधिग्रहण

आँधीखोला जलविद्युत् आयोजनाले पुनर्निर्माणमार्फत आप्mनो उत्पादनमा ४ दशमलव ३ मेगावाटले उत्पादन क्षमता बढाएको छ । लोडशेडिङले दिक्क नेपालीका लागि यो खबर 'हात्तीका मुखमा जीरा' जस्तै हो । तर, यसले अन्य आयोजनामा यस्तै व्यावहारिक सम्भाव्यता अध्ययन गर्नसके पुराना आयोजनाहरूको पुनर्निर्माणबाट मुलुकलाई छोटो समयमा लोडशेडिङ मुक्त गराउन सहयोग पुग्ने आशा पलाएको छ ।

जलविद्युत् परियोजनाको क्षमतामा ह्रास आउने अनेकौं कारण छन् । उपकरण समयसमयमा बिग्रने, विद्युत्् उत्पादन बन्द भइरहने, उपकरणको मर्मतसम्भारमा समस्या देखिने गरिरहेकोमा नया“ उपकरण जडानले आ“धीखोला आयोजना उत्पादनका हिसाबले अहिले फेरि वयस्क बनेको छ । विगत ५ महीनाको अवधिमा यसको मर्मत कार्य सम्पन्न भएको हो । झण्डै २१ वर्ष अघिदेखि सञ्चालनमा आएको आयोजनाले कम्तीमा अरू ५० वर्ष त्यो क्षमताको उत्पादनलाई निरन्तरता दिनेछ । यो अवधिमा आयोजनाको लागत उठीकन पनि नाफा कमाइसकेको छ । मर्मतसम्भारपछिको अतिरिक्त उत्पादनले आयोजनाको आयु, आम्दानी मात्र थपेको छैन बरु विद्युत्् आयोजनामा लगानी बढाउन उत्प्रेरणा जगाएको छ । सो क्षेत्रमा थप उद्योगधन्दा सञ्चालनका लागि सहयोगीको भूमिका पनि खेल्नेछ ।

नेपालका खोला र स्थानको प्रकृति एवम् प्राविधिकको विवेकअनुसार भिन्दाभिन्दै किसिमका विद्युत् परियोजनाहरू बनेका छन् । निर्माण सम्पन्न भई उत्पादन कार्य गरेको वर्षौं भएका त्यस्ता आयोजनामा पनि आ“धीखोला जस्तै विभिन्न खालका समस्या ग्रस्त छन्, जसले उत्पादनमा ह्रास आएको छ । बा“धमा नदीको गेग्ग्रान भरिएर पानी कम हुनु, परम्परागत प्रविधिमा आधारित आयोजना हुनु, अत्याधुनिक प्रविधिमा आधारित भइकन पनि समयमै मर्मत नहुनु, यसका कारण हुन् भने नया“ प्रविधि जडान गरेर क्षमता विस्तार गर्ने सम्भावना भने विद्यमान छ । खासगरी मध्यमर्स्याङ्दी, त्रिशूलीलगायत ठाडो नदीमा गेग्ग्रानको समस्याले त्यहा“का परियोजनाको े क्षमतामा ह्रास आएको हुन सक्छ भने ती पुराना आयोजनामा उपकरणमा समस्या हुन सक्छ । त्यस्ता आयोजनामा केही उपकरण थप्ने वा सिभिल वर्कमा केही सुधार गर्ने हो भने क्षमता विस्तार हुन सक्छ । त्यसैले क्षमता विस्तारका लागि ठूलो लगानीका नया“ आयोजना भनेर कुर्लिइरहनुभन्दा सानो खर्चमा गरिने मर्मतसम्भार पनि त्यसको विकल्प हुन सक्छ भन्ने बिर्सनु हुन्न ।

प्रचुर मात्रामा इन्जिनीयरहरूको दरबन्दी रहेको नेपाल विद्युत् प्राधिकरणले यस्ता सम्भावना आपैm खोजी गर्न जरुरी छ, जसले पुराना आयोजनाहरूको क्षमता सहजै विस्तार गर्न सकिन्छ । यसरी विस्तारित क्षमताले नेपालमा ठूला प्रकृतिका आयोजनाहरू निर्माण सम्पन्न नहुँदै मुलुकलाई लोडशेडिङबाट केही भए पनि राहत दिन सक्छ ।

श्रोतः राजधानि दैनिक, २०७१/१२/२२

# खिम्ती–ढल्केबर प्रसारण लाइनमा सुरक्षा दिन निर्देशन

भीम गौतम

नेपालकै पहिलो २ सय २० केभीको खिम्ती–ढल्केबर प्रसारण लाइन निर्माणका लागि आवश्यक सुरक्षा प्रबन्ध मिलाउन गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालय र जिल्ला प्रशासन कार्यालय सिन्धुलीलाई निर्देशन दिएको छ । नेपाल विद्युत्् प्राधिकरण र ऊर्जा मन्त्रालयले सो आयोजना निर्माणका लागि आवश्यक सुरक्षा माग गरेकोमा मन्त्रालयले दुवै निकायलाई सुरक्षा प्रबन्ध गर्न लिखित निर्देशन दिएको हो ।

ऊर्जा मन्त्रालयका सहसचिव एवं प्रवक्ता केशवध्वज अधिकारीले जलविद्युत् क्षेत्रमा महŒवपूर्ण मानिएको खिम्ती–ढल्केबर प्रसारण लाइन समयमै नबन्दा राज्यलाई ठूलो घाटा परेकाले गृह मन्त्रालयलाई सुरक्षा प्रबन्धका लागि पत्र लेखेको बताए । उनले पत्रअनुसार गृह मन्त्रालयले पनि सुरक्षा प्रबन्ध मिलाउन निर्देशन दिएकाले आयोजनाको काम अघि बढ्ने बताए । ६ वर्षअघि नै सम्पन्न भइसक्नुपर्ने सो आयोजनाअन्तर्गतको सिन्धुली क्षेत्रमा पटकपटक स्थानीयवासीले अवरोध गरी आयोजना अघि बढाउन नसकेपछि यसअघि पटकपटक गृह मन्त्रालयलाई पत्र लेखेको थियो । तर, मन्त्रालय गम्भीर भएको थिएन ।

गृह मन्त्रालयले सुरक्षाको व्यवस्थाका लागि निर्देशन दिएकाले आगामी २५ चैतदेखि खिम्ती–ढल्केबर प्रसारण लाइन आयोजनाको निर्माण अघि बढाउन लागिएको प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले जानकारी दिए । 'बैंकको प्रतिवेदन दिन ढिलाइ गरेकाले कुर्न सक्ने अवस्था छैन, अब हामी २५ चैत्रदेखि सुरु गर्छौं, गृह मन्त्रालयले सुरक्षा प्रबन्ध गरेपछि आयोजना अब अघि बढ्छ,' उनले राजधानीसँग भने, 'सिन्धुलीका स्थानीयवासीमा केही समस्या र गुनासा भए प्राधिकरण व्यवस्थापन सधैं छलफल र वार्ता गर्न खुला छ, वार्तामा आउन आग्रह छ ।'

उनले आयोजना निर्माणका लागि ठेकेदार कम्पनी तयार रहेको भन्दै समयमै सुरु गर्ने जानकारी दिए । तर, विभिन्न राजनीतिक दलले २४ चैतदेखि तीन दिनसम्म आमहडताल घोषणा गरेकाले आमहडताल सकिएपछि मात्र आयोजनाको निर्माण सुरु हुने प्राधिकरण स्रोतले जनाएको छ ।

स्थानीयवासीले सात ओटा टावर निर्माणमा अवरोध गरेपछि सन् २००९ भित्रै सम्पन्न हुनुपर्ने आयोजनाबारे स्थानीयवासीले विश्व बैंकमा उजुरी दिएका थिए । बैंकले पनि गत डिसेम्बरभित्र प्रतिवेदन दिने बताएको थियो ।

तर, दिन ढिलाइ गरेपछि प्राधिकरण असन्तुष्ट बनेको छ । असन्तुष्ट प्राधिकरणले गृहलाई पत्र लेख्दै आवश्यक सुरक्षा मिलाउन आग्रह गर्दै २५ चैत्रदेखि आयोजनाको काम अघि बढाउने उल्लेख गरेको छ ।

नेपालको विद्युत् प्रणाली धान्न यो प्रसारण लाइन सबैभन्दा महŒवपूर्ण मानिन्छ । तर, २०६८ सालपछि मात्र आयोजना निर्माण कार्यमा ५० पटकभन्दा बढी स्थानीयवासीले अवरोध गरिसकेका छन् । प्राधिकरणले सुरक्षाकर्मी परिचालन गरेर भए पनि प्रसारण लाइन बनाउने निर्णय गरेपछि स्थानीयवासीले जबर्जस्ती बनाउन खोज्नु अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को मूल्य, मान्यताविपरीत भएको भन्दै विश्व बैंकको केन्द्रीय कार्यालयमा उजुरी गरेका थिए ।

सो उजुरीअनुसार दुई पटक विश्व बैंकको टोली नेपाल आएर यसबारे अध्ययन गरेको थियो ।

आयोजना पूरा नभए दोलखा, रामेछापलगायतका जिल्लामा उत्पादित बिजुली त्यत्तिकै खेर जानेछ ।

प्राधिकरणले टावर मुनिको भागको क्षतिपूर्ति मात्र दिन मिल्ने व्यवस्था भए पनि अवरोध गरेको क्षेत्रमा सडक विभागमार्फत सबै जग्गा अधिग्रहण गरी सो बापतको रकम लिन जिल्ला प्रशासन कार्यालय सिन्धुलीले सार्वजनिक सूचना जारी गरिसकेको छ । १ सय ५९ कित्ता जग्गामध्ये अधिकांशले सोबापतको रकम बुझिसकेका छन् ।

प्रसारण लाइन नबने दोलखाको लामाबगरमा निर्माणाधीन ४ सय ५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको बिजुली सहर पु¥याउनसमेत समस्या पर्ने प्राधिकरणका अधिकारीहरू बताउँछन् ।

प्रसारण लाइन बनेपछि सिन्धुपाल्चोक, दोलखा, रामेछापलगायतका Ôेत्रमा जलविद्युत् आयोजनामार्फत १ हजार मेगावाट विद्युत् सजिलै ओहोरदोहोर हुनेछ । प्राधिकरणका अनुसार प्रसारण लाइन आयोजनाको ९५ प्रतिशत काम पूरा भइसकेको छ भने सिन्धुली नगरपालिकाभित्र ६ र खुर्कोटमा एउटा टावर निर्माण गर्न बा“की छ ।

प्राधिकरण प्रसारण निर्देशानालयका उपकार्यकारी निर्देशक कन्हैया मानन्धरका अनुसार निर्माण सुरु भई विनाअवरोध काम भए तीन महिनाभित्र आयोजनाको निर्माण कार्य पूरा हुनेछ ।

श्रोतः अभियान, २०७१/१२/२२

## दरौंदीमा अर्को जलविद्युत् आयोजना

गोरखाको दरौंदी नदीमा फेरि अर्को जलविद्युत् आयोजना बन्ने भएको छ । बारपाक र घ्याल्चोकको सिमानास्थित राङलुङमा एक मेगावाट क्षमताको दरौंदी साना जलविद्युत् आयोजना निर्माण गर्ने प्रक्रिया शुरू भएको हो । रन अफ द रिभर प्रकृतिको उक्त आयोजना आउँदो २ वर्षभित्र निर्माण सम्पन्न गर्ने आयोजनाका कम्पनीका प्रमुख वीरबहादुर घलेले जानकारी दिए । 'आयोजनाको पूर्वसम्भाव्यता अध्ययनको काम भइरहेको छ,' उनले भने, 'ऊर्जा मन्त्रालयअन्तर्गतको विद्युत् विकास विभागबाट आयोजना निर्माणको स्वीकृति प्राप्त भइसकेको छ ।' आयोजना निर्माण हुँदा प्रभावित हुने गाविसका स्थानीय बासिन्दासँग शेयर आह्वान गरेर आयोजना निर्माणको तयारी गरिएको घलेको भनाइ छ । आयोजना निर्माण हुँदा बारपाक, घ्याल्चोक, सिम्जुङ, सौरपानी गाविस प्रभावित हुनेछन् ।

आयोजनाबाट उत्पादन भएको विद्युत् केन्द्रीय प्रसारण लाइनमा नजोडिने घलेको भनाइ छ । आयोजनाको पूर्वसम्भाव्यता अध्ययन भइरहेकाले आयोजना निर्माण गर्दा कति लगानी आवश्यक पर्छ भन्नेबारे अध्ययन भइरहेको उनले बताए । 'सम्भाव्यता अध्ययनको प्रतिवेदन आएपछि आयोजना कस्तो मोडेलमा बन्छ भन्नेबारे यकीन हुन्छ,' घलेले भने, 'शेयर आह्वान र कम्पनीको आधाआधा लगानीमा आयोजना निर्माण गर्छौं ।' यसअघि दरौंदी नदीमै ६ दशमलव ५ मेगावाट क्षमताको दरौंदी 'ए' जलविद्युत् आयोजनाको निर्माण धमाधम भइरहेको छ ।

श्रोतः अभियान, २०७१/१२/२२

## बुढीगण्डकीको कार्यालयलाई ७३ रोपनी जग्गा अधिग्रहण

१२०० मेगावाट क्षमताको बुढीगण्डकी जलबिद्युत् आयोजनाको कार्यालय भवन सञ्चालन प्रयोजनका लागि ७३ रोपनी जग्गा अधिग्रहण गरिएको छ ।

गोरखाको घ्याल्चोक गाबिस –९ स्थित सिउरेनीटारमा कार्यालय भवन प्रयोजनका लागि २७ जना स्थानीयबासीको जग्गा अधिग्रहण गरिएको हो । 'लामो समयदेखि जग्गा खोजी गरिएको थियो' जग्गाको मूल्य निर्धारण उपसमितिका प्रमुख समेत रहेका गोरखाका प्रमुख जिल्ला अधिकारी उद्धव तिमल्सिनाले भने, 'स्थानीयसंग ब्यापक छलफल गरेर ७३ रोपनी जग्गा अधिग्रहण गरियो ।' सिउरेनीटारको जग्गा अवलोकन र मुआब्जाबारे छलफल गर्न बुढीगण्डकी बिकास समितिका पदाधिकारीसहित जग्गाको मूल्य निर्धारण उपसमितिका अध्यक्ष जिल्ला मालपोत कार्यालय गोरखाका प्रमुख रघुनाथ फुयाँलको टोली सिउरेनीटार पुगेको थियो ।

'बर्षौँदेखि आयोजनाको लागि जग्गा खोजिएको थियो । जग्गा भेटिए पनि सहमति हुन सकेको थिएन' प्रजिअ तिमेल्सेनाले भने, 'प्रतिरोपनी ७ लाख ९५ हजार रुपैंया दिनेगरी स्थानीयको जग्गा अधिग्रहण गरियो ।' बिहीबार स्थानीय बासिन्दा (जग्गा धनी) र जग्गा सिफारिस समितिबीच जग्गा अधिग्रहणका लागि सहमति भएको थियो । सहमतिसंगै जग्गा अधिग्रहणका लागि प्रक्रिया अघि बढेको छ ।

'सार्वजानिक सूचना छपाएर अधिग्रहणको प्रक्रिया शुरु गरियो' प्रजिअ तिमल्सिनाले भने्, '३० दिनको म्याद लिएर जग्गा धनीको निवेदन आव्हान गरिएको छ ।' मुआब्जाका लागि स्थानीय बासिन्दाले जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्ने भएको छ । ३० दिनपछि उक्त जग्गा बुढीगण्डकी जलबिद्युत् आयोजनाको स्वामित्वमा ल्याइने उनले बताए । बिकास समितिको खाताबाट जिल्ला प्रशासन कार्यालयको बैङ्क खातामा पठाएको रकम जग्गा धनीलाई मुआब्जा दिने प्रजिअ तिमल्सिनाले बताए ।

'जग्गाको मुआब्जा हामीले स्थानीयलाई बितरण गर्ने हो' प्रजिअले भने, 'मुआब्जा लिनका लागि निवेदन आव्हान गरेर अधिग्रहणको प्रक्रिया अघि बढ्यो ।' कार्यालय भवन निर्माण गर्ने, आयोजनाको काम गर्दा ल्याइएका सामानहरु भण्डारण गर्ने, मेशीनहरु पार्किङ्गका लागि सिउरेनीटारमा जग्गा खरीद गरिएको बुढीगण्डकी बिकास समितिका अध्यक्ष लक्ष्मीप्रसाद देवकोटाले बताए ।

सिउरेनीटारमा आयोजनाले जग्गा खरीद गर्ने हल्ला चलेसंगै त्यस क्षेत्रका जग्गा चर्को मूल्यमा बिक्री बितरण हुँदै आएका छन् । त्यस्तै आयोजना निर्माण हुँदा ड्याममा जम्मा गरिएको पानीले डुवाउने क्षेत्रका

घरजग्गा, खेत किनबेच तीब्र रुपमा अघि बढेको स्थानीयबासी बताउँछन् । गत बर्ष त्रिशूली नदीमा पुल बनेसंगै घ्याल्चोक क्षेत्रमा जग्गाको भाउ आकासिएको थियो । पृथ्वीराजमार्गदेखि घ्याल्चोक हुँदै दोस्रो ब्यापारिक केन्द्र आरुघाटबजार पुग्ने सडक अहिले सूचारु छ ।

आयोजना निर्माण हुँदा सडकको अधिकांश खण्डहरु पानीमुनि डुब्ने बताइएको छ । सडक आसपासका क्षेत्रमा अहिले घडेरी किन्नेहरु बढेका छन् । आयोजना निर्माण हुँदा धेरै मुआब्जा लिनका लागि जग्गा किन्नेहरु बढेका छन् । बुढीगण्डकी जलबिद्युत् आयोजना आठ बर्षभित्र रू. २ खर्ब लगानीमा बन्न लागेको देशकै ठूलो आयोजना मध्येको एक जलबिद्युत् आयोजना हो ।

श्रोतः अन्नपुर्ण पोष्ट, २०७१/१२/२३

विकास थापा

## जलविद्युत्को अर्को भिलेन

नेपालमा खपत हुने कुल ऊर्जामा काठ-दाउरा र गोबर-गुइँठाको अंश ७१ प्रतिशतभन्दा बढी छ। ऊर्जाको रूपमा जलविद्युत्को खपत एक प्रतिशत पनि छैन। १३ प्रतिशतभन्दा बढी पेट्रोलियम पदार्थ आयात (कुल बजेटको ३५ प्रतिशत) हुन्छ।

ऊर्जा उत्पादनका लागि प्रकृतिले नेपाललाई सित्तैमा कच्चा पदार्थ दिएको छ। २०४९ सालदेखि हाम्रो नीतिले ऊर्जा उत्पादनको प्रमुख जिम्मा निजी क्षेत्रलाई दिएको छ।
२०४९ सालदेखि लाइसेन्स प्रथा सुरु भएपछि झन्डै २२ वर्षको अवधिमा आइपुग्दा निजी क्षेत्रबाट दुई हजार मेगावाटबराबरको उत्पादन हुने अवस्थामा आइपुगेको छ। त्यसमा पनि आधाजति प्राधिकरणले बनाउँदैछ।

करिब एक हजार मेगावाट निजी क्षेत्रले बनाउन लागेको अवस्था छ। सामान्यतया एउटा आयोजना निर्माणमा जान पाँच वर्ष लाग्छ, त्यही भएर विद्युत् ऐनले पनि लाइसेन्सको अधिकतम अवधि पाँच वर्ष तोकेको हो।

यतिका अवधिसम्म आयोजनाको अध्ययन, विद्युत् खरिद सम्झौता, वित्तीय व्यवस्थापन गरिसकेपछि बल्ल निर्माणमा जान्छ। उत्पादन अनुमतिपत्र लिने अवस्थासम्म आइपुग्दा एउटा प्रवद्र्धकले अनेकौं हन्डर खाएको हुन्छ।

निर्माण सुरु गर्ने बेलामा वन मन्त्रालयले आफ्नो दादागिरी देखाउँछ। जारी भएको लाइसेन्सको ढेर हेर्दा यिनलाई तह लगाउनैपर्छ भनेर एकाएक वन क्षेत्रको जग्गा प्राप्ति गर्ने कार्यविधि बनाउँछ। अनि त्यो कार्यविधि पालना गर्दा प्रवद्र्धक हैरान मात्र होइन, आत्महत्या गर्नेसम्मको स्थितिमा आइपुग्छ।

कुनै आयोजनाको संरचना (मुहान, नहर, विद्युत् गृह र प्रसारण लाइन) वनमा परे अहिलेको अवस्थामा निर्माण सुरु नै नगरे हुने भइसकेको छ।

३५ वर्षपछि राज्यलाई चालू हालतमा फिर्ता गर्ने सर्तमा बनाउन लागिएको आयोजनाले कुनै स्थायी भौतिक संरचनाले वन क्षेत्र ओगट्ने भए वन क्षेत्रको सट्टाभर्ना गर्नुपर्ने विश्वमा कहीं नभएको नियम हामीकहाँ छ।

जग्गा कुनै वस्तु हो र व्यापारीले उत्पादन गरेर वनलाई दिने? जब कि सम्पूर्ण आयोजना नै सरकारलाई फिर्ता गर्नुपर्ने भएपछि केका सट्टाभर्ना? अनि सट्टाभर्ना गर्दा वन क्षेत्रसँग जोडिएको जति क्षेत्रफल हुन्छ त्यति बराबरको 'भौगोलिक तथा पारिस्थितिकीय क्षेत्रमा जग्गा खरिद गरी जिल्ला वन कार्यालयको नाममा रजिस्ट्रेसन पास गराउनुपर्ने' वनको उर्दी छ।

जस्तो जग्गामा आयोजना बनाउन लागिएको हो त्यस्तै जग्गा कहाँ पाउने? यस्तो जग्गा उपलब्ध गराएपछि मात्र आयोजनाका लागि वन विभागसँग हुने सम्झौता कार्यान्वयन गर्नुपर्ने सर्त हुन्छ। त्यति जग्गाबराबरको रकम लिएर वन आफैंले व्यवस्थापन पनि गर्दैन।

पञ्चायतकालमा परिवार नियोजनको अस्थायी साधन ढालको विज्ञापन गर्न राजाको अनुमति लिनुपर्थ्यो। अहिले पनि पञ्चायतकै शैलीमा एउटा रूख काट्नुप:यो भने त्यसको अनुमति लिन मन्त्रिपरिषद्सम्म पुग्नुपर्छ।

जिल्ला वन कार्यालय हुँदै क्षेत्रीय वन निर्देशनालय, वन विभाग, वन मन्त्रालय र मन्त्रिपरिषद्सम्म अनुमतिसम्बन्धी फाइल आइपुग्न महिनौं लाग्छ। फाइल सदर गराउन टेबुलैपिच्छे प्रवद्र्धकहरू पैसा लिएर खरिदार-सुब्बादेखि उपल्लो तहका हाकिमका कोठाकोठा चहार्नुपर्छ।

ढालको विज्ञापन गर्न अनुमति पाएजस्तै रूख काट्ने अनुमति लिएर मात्र पुग्दैन, एउटा रूख काटे दुइटा रोपिदिनुपर्छ, त्यो पनि वनले होइन, प्रवद्र्धक आफैंले। रोपिएका बिरुवाको पाँच वर्षसम्म संरक्षण र संवद्र्धन पनि प्रवद्र्धकले नै गरिदिनुपर्छ।

आफ्नै खर्चमा कटान मुछान र ढुवानी गरी जिल्ला वन कार्यालयले तोकेको ठाउँमा घाटगद्दी गरिदिनुपर्छ। जलविद्युत् आयोजना बनाउँदा नै प्रवद्र्धकले सरकारलाई भ्याट, भन्सार र अन्य महसुल बुझाएको हुन्छ।

बिजुली उत्पादन भएपछि रोयल्टी र नाफा सुरु भएपछि आयकर बुझाउनुपर्छ। एउटा प्रवद्र्धकलाई सक्दो चुसेर नपुगी वन कार्यालयले एकाएक 'वातावरणीय सेवा शुल्क' तिर्नुपर्छ। यो शुल्क कुनै पटके होइन।

नाफा सुरु भएपछि आयोजना अवधिभर खुद मुनाफाको एक प्रतिशत अनिवार्य तिर्नुपर्ने व्यवस्था गरिएको छ। अन्तरिम संविधानले भन्छ- कानुनबमोजिमबाहेक कर उठाउन पाइने छैन।

तर वन मन्त्रालयले संविधान मिचेर एउटा कार्यविधिको भरमा प्रवद्र्धकहरूसित करोडौं असुल्न खोजेको छ। यी यावत् कुरा पालना भए-नभएको हेर्न क्षेत्रीय वन निर्देशक संयोजक रहेको एउटा संयन्त्र बनाइएको छ।

त्यो संयन्त्रमा सम्बन्धित जिल्ला विकास समितिको अधिकृत, सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयको अधिकृत, सम्बन्धित आयोजनाको प्रतिनिधि र सम्बन्धित जिल्ला वन कार्यालयको अधिकृत हुन्छ। यो संयन्त्रलाई प्रवद्र्धकले चाकडी गरिरहनुपर्छ, अन्यथा आयोजना प्रमुखलाई कारबाही हुने भनेर ल्याप्चे लगाउनुपर्छ।

**अधिकांश जलविद्युत् आयोजनाका संरचना क्षेत्र वनमा पर्छ। बिहान-बेलुकी भात खानका लागि काठ-दाउरा बाल्नुपर्ने बाध्यता छ। तिनलाई विस्थापित गर्न मद्दत पु:याउने जलविद्युत् निर्माणका लागि भने वन मन्त्रालय भिलेन बनिरहेको छ।**

वनको यति लामो र झन्झटिलो प्रक्रिया पूरा गर्न वर्षौं लाग्छ। वनले के वन क्षेत्रको संरक्षणकै लागि यस्तो गरेको हो त? वन क्षेत्रको संरक्षणका लागि प्रवद्र्धकले जिम्मा लिने कि राज्यले? प्रवद्र्धकले राज्यलाई केका लागि कर तिरेको?

जलविद्युत् क्षेत्रबाट घूस खानका लागि यति लामा र झन्झटिला प्रक्रिया खडा गरिएको भुक्तभोगी बताउँछन्। पैसा नखुवाई फाइल सर्दैन। फाइल सार्ने प्रक्रिया लम्बेतान पारिएको कारण पनि यही हो।

जलविद्युत्को विकासमा राज्य साँच्चिकै गम्भीर भएको भए सरकारको एउटा निकायले सबैतिर समन्वय गर्थ्यो होला। सचिव, गभर्नरलगायत उच्च पदमा नियुक्तिका लागि जसरी नेताहरूले आफूले खेल्ने ठाउँ राखे, ब्युरोक्रेसीले पनि नेताकै अनुशरण गर्‍यो।

जो सबैभन्दा वरिष्ठ छ उही स्वत: सचिव बढुवा हुने प्रावधान ऐनमा राखिएको भए एक पदका लागि तीन पद सिफारिस गरेर नेताका घरघरमा दौडेर 'कबोल' गर्नु पर्दैनथ्यो।

राष्ट्र बैंकको गभर्नरमा जो वरिष्ठ डिपुटी गभर्नर हो, उसले स्वत: पाउने व्यवस्था भएको भए बैंकिङ र मौद्रिक क्षेत्रको अनुभव नै नभएको व्यक्तिले गभर्नर पाउँदैनथ्यो। तर यी सबै नेतालाई प्राप्त हुने कमिसन र आउने घूसका कारण भइरहेका छैनन् भने वन मन्त्रालय मात्र कसरी अछूतो रहन सक्थ्यो।

अधिकांश जलविद्युत् आयोजनाका संरचना क्षेत्र वनमा पर्छ। बिहान-बेलुकी भात खानका लागि काठ-दाउरा बाल्नुपर्ने बाध्यता छ। तिनलाई विस्थापित गर्न मद्दत पु:याउने जलविद्युत् निर्माणका लागि भने वन मन्त्रालय भिलेन बनिरहेको छ।

विद्युत् विकास विभाग वा ऊर्जा मन्त्रालय वा जल तथा ऊर्जा आयोगमध्ये कुनै एक निकायको एउटा टेबुलबाट सबै क्षेत्रका काम गर्न लगाउने, अनुमति दिने, दिन पठाउने अधिकारसहितको एकद्वार नीति नभएसम्म यो बेथिति रहिरहन्छ।

वनको अनुमति लिँदा खेप्नुपर्ने हैरानीले लगानीकर्ता भासिएका छन्। उनीहरू यस्तो झन्झटिलो क्षेत्रमा किन लगानी गर्ने भनेर बसेका छन्। तर यही वन मन्त्रालयले विदेशीले बनाउने आयोजनाका लागि यस्तो हैरानी दिँदैन।

विदेशीले स्वदेशीले जस्तो वातावरणीय सेवा शुल्क पनि तिर्नुपर्दैन, विदेशीको भनेपछि एउटै फाइल मन्त्रिपरिषद् पुर्‍याएर बिनाझन्झट रूख काट्न, अधिग्रहण गर्न, भोगाधिकार कायम राख्न पाउँछ। यो त वनको मात्र कथा भयो।

सरकारका अरू निकाय (ऊर्जा, उद्योग, अर्थ, गृह, रक्षा, भूमिसुधार, वातावरण) का उस्तै माखेसाङला छन्। यी सबलाई चिर्ने गरी एउटै निकायबाट लाइसेन्स जारीदेखि सबै प्रकारका अनुमति दिनेसम्मका काम एउटै निकायबाट हुन जरुरी छ।

२०६३ सालदेखि चर्चामा रहेको नयाँ जलविद्युत् ऐनमा यी अवरोध हटाउन सक्ने गरी लागू भएमा मात्र जलविद्युत्मा केही विकास हुने आशासम्म गर्न सकिन्छ।
यस्तो व्यवस्था भए ब्युरोक्रेसीले घूस खान पाउँदैनथ्यो, नेता र मन्त्रीलाई पैसा दिनुपर्दैनथ्यो। तर नेपालका नेता र ब्युरोक्रेसीले यस्तो राम्रो काम गर्लान् भनेर विश्वास गर्न सकिएला र?

व्यवस्थापिका-संसद्को कृषि तथा जलस्रोत समितिले प्रसारण लाइन निर्माणमा देखिएका अवरोधबारे गठन गरेको उपसमितिमा वनले दु:ख दिएको सरकारी निकायबाटै गुनासो आएको थियो, तर जलस्रोत समितिले वन मन्त्रालयले असंवैधानिक तवरमा असुल्न खोजेको वातावरणीय सेवा शुल्कसम्बन्धी कहिले पनि छलफलै गरेन। संसदीय समितिका ध्यान पनि केवल जलविद्युत्का लाइसेन्समा मात्र बढी केन्द्रित देखिए।

श्रोतः राजधानि दैनिक, २०७१/१२/२३

# आँधीखोला जलविद्युत्को व्यापारिक उत्पादन सुरु

राजधानी समाचारदाता
काठमाडौं, २३ चैत

बुटवल पावर कम्पनी (बीपीसी) लिमिटेडद्वारा निर्माण गरिएको आँधीखोला जलविद्युत् आयोजनाले व्यापारिक उत्पादन सुरु गरेको छ ।५ दशमलव १ मेगावाट विद्युत् उत्पादन गर्दै आएकोमा त्यसलाई क्षमता वृद्धि गरेर सम्पन्न गरी व्यापारिक उत्पादन गरेको आयोजना प्रमुख विष्णुबहादुर सिंहले जानकारी दिए । उनका अनुसार ०४८ सालमा ५ दशमलव १ मेगावाट रहेकोमा ९ दशमलव ४ मेगावाट पु¥याइएको छ ।

धेरै पुराना उपकरण छिटोछिटो बिग्रिरहने, विद्युत् उत्पादन बन्द भइरहने, उपकरणहरू मर्मत तथा सम्भार गर्न निकै समस्या हुने र पूर्ण रूपमा विद्युत् उत्पादन तथा सञ्चालन गर्न कठिनाइ भएपछि पुराना उपकरण हटाएर नयाँ उपकरण जडान गरी क्षमता वृद्धि गरिएको आयोजनाले जनाएको छ । आयोजनाले ६ मंसिर ०६९ देखि क्षमता अभिवृद्धिको काम अघि बढाएको थियो ।

नयाँ उपकरणहरू जडान भएका कारण भूमिगत विद्युत् गृहको लम्बाइ करिब ८ मिटर तथा टेलरेस टनेलको साइज पनि बढाइएको छ । झन्डै २ सय ५० मिटर लामो नयाँ पेनस्टक पाइप थप गरिएको छ । क्षमता अभिवृद्धिसँगै आयोजनाबाट वार्षिक ७० दशमलव ७३ मेगावाट विद्युत् उत्पादन हुने र पहिलाको तुलनामा दोब्बर वृद्धि भएको आयोजना प्रमुख सिंहले जानकारी दिए ।

श्रोतः कारोवार, २०७१/१२/२३

# कानुन नहुँदा जलविद्युतमा सर्वसाधारणको संस्थापक लगानी निराशाजनक

जलविद्युत् आयोजनामा संस्थापक सेयर लगानी गर्न सर्वसाधारण इच्छुक रहे पनि कानुनी व्यवस्था नहुँदा उनीहरू खुम्चिँदै आएका छन् । केही आयोजना विकासकर्ताले आफ्नो पृष्ठभूमिका आधारमा सर्वसाधारणबाट अप्रत्यक्ष रूपमा संस्थापक लगानी जुटाइरहे पनि यसलाई निरन्तरता दिन कानुनी व्यवस्था नै छैन ।

प्रवद्र्धकहरूले सर्वसाधारणको संस्थापक लगानी उठाउन सक्ने अवस्था भए पनि कानुनी बन्देजकै कारण यसले गति लिन सकेको छैन । केही प्रवद्र्धकले चिनजान, राम्रो साखलगायत आकर्षक प्रतिफल देखाएर यस्तो लगानी उठाएका छन् । यही आधारमा केही प्रवद्र्धकले सर्वसाधारणलाई संस्थापक सेयरमा लगानीका लागि आग्रह गरिरहेका छन् ।

आयोजना निर्माणका लागि पर्याप्त लगानी जुटाउन नसकेको अवस्थामा धितोपत्र बोर्डबाट लाइसेन्स प्राप्त ट्रस्टी (संस्था)मार्फत आयोजनालाई लगानी जुटाउन सकिने प्रवद्र्धक सुुझाउँछन् । जलविद्युत्मा सर्वसाधारणले लगानी गर्न चाहिरहेका बेला संस्थागत लगानीका लागि बाटो खुला गर्नुपर्नेमा धितोपत्र बोर्डका निर्देशक नीरज गिरी जोड दिन्छन् । “सर्वसाधारण जलविद्युत्मा लगानी गर्न तयार छन्, विश्वास गर्ने संयन्त्र नभएकाले मात्रै लगानी आउन नसकेको हो,” उनी भन्छन्, “सर्वसाधारणलाई संस्थापक सेयर दिन बेग्लै ट्रस्टी ऐन ल्याउन जरुरी भइसकेको छ ।” ट्रस्टी ऐनको विषयमा पहिलेदेखि नै कुरा उठे पनि मूर्तरूप नलिएको उनले बताए ।

कम्पनी ऐनको दफा ३६ ले सर्वसाधारणको लगानी भएका कम्पनीलाई ऋणपत्र निष्कासनका लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक (मर्चेन्ट बैंकर)लाई अनुमति दिएको छ ।

जलविद्युत् आयोजना निर्माणअगावै सर्वसाधारणलाई संस्थापक सेयरधनी बनाउने कानुनी आधार तयार गर्न आवश्यक भइसकेको सेयर विश्लेषक रवीन्द्र भट्टराई सुझाउँछन् । “कानुनी व्यवस्था भए आयोजना निर्माण सुरु गर्न प्रवद्र्धकलाई लगानीको समस्या हुँदैन,” उनी भन्छन्, “मर्चेन्ट बैंकरजस्तै ट्रस्टीमार्फत संस्थापक लगानी संकलन हुन्छ । लगानीको सदुपयोग, आयोजना प्रकृति, प्रतिफलको प्रत्याभूतिजस्ता कुरा ट्रस्टीले हेर्ने भएकाले सर्वसाधारणले गर्ने संस्थापक लगानी सुरक्षित हुन्छ ।”

सर्वसाधारणले जलविद्युत्मा संस्थापक सेयरका रूपमा लगानी गर्न चाहेको भन्दै भट्टराईले कानुनी व्यवस्था नहुँदामात्रै उनीहरू खुम्चिएको बताए । ट्रस्टीमार्फत संस्थापक लगानी खुला गरे सर्वसाधारणको विश्वास बढ्न गई अर्बौं रुपैयाँ लगानी उठ्न सक्ने उनी ठान्छन् । लगानी उठाउनका लागि धितोपत्र बोर्डबाट लाइसेन्स प्राप्त ट्रस्टी आवश्यक पर्ने उनले बताए ।

अहिले आयोजना निर्माण सुरु भएको १ वर्षपछि मात्र कम्पनीले सर्वसाधारणलाई सेयर निष्कासन गर्ने प्रावधान छ । त्यसले गर्दा आयोजना निर्माणअघि लगानीको समस्या पर्दै आएको छ । स्वतन्त्र ऊर्जा उत्पादक संस्था (इपान)का अध्यक्ष खड्गबहादुर विष्ट पनि यसलाई व्यवस्थित गर्नुपर्ने बताउँछन् । केही समयअघि यसबारे छलफल भए पनि प्रक्रिया अघि नबढेको उनले सुनाए । “जलविद्युत्लगायत अन्य ठूला पूर्वाधार विकासमा पनि यस्तो लगानी आवश्यक देखिएको छ,” उनले भने ।

ऊर्जा मन्त्रालयले विद्युत् प्राधिकरण र निजी क्षेत्रलाई गरी २०८६ मेगावाट विद्युत् उत्पादन गर्न लाइसेन्स दिएको छ । सरकारले ऊर्जालगायत अन्य पूर्वाधार विकासमा सर्वसाधारणबाट लगानी जुटाउन दातृनिकाय एसियाली विकास बैंक (एडीबी) र विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी)लाई ५०÷५० अर्ब रुपैयाँ ऋणपत्र निष्कासनको अनुमति दिइसकेको छ ।

श्रोतः अभियान, २०७१/१२/२४

## ४८ मेगावाटको खिम्ती आयोजना सहकारीले बनाउने

दोलखा र रामेछाप जिल्लाको सीमा गाविस खिम्तीमा आयोजना स्थल रहेको कुल ४८ दशमलव ८ मेगावाट क्षमताको खिम्ती २ जलविद्युत् आयोजना सहकारीको ढाँचामा अगाडि बढ्ने भएको छ ।

सो आयोजना अगाडि बढाउनका लागि 'पिपल्स हाइड्रो सहकारी संस्था' नै गठन गरिएको छ । सहकारीका माध्यमबाट अगाडि बढाउन लागिएको सो आयोजना हालसम्मकै ठूलो आयोजना हो । सो आयोजनाको कुल लागत रू. सात अर्ब रहेको छ । यसअघि गुल्मीको रुपाकोटमा सार्वजनिक निजी सहकारी अवधारणामा निर्माण गरिएको हुग्दी खोला जलविद्युत् आयोजना केन्द्रीय प्रसारणमा जोडीसकेको छ । पाँच मेगावाट क्षमताको सो आयोजनामा सहकारी संस्थाले रू. ७७ करोड लगानी गरेको थियो ।

यस्तै बागलुङमा १० मेगावाट क्षमताको दरमखोला जलविद्युत् आयोजना पनि सहकारीले नै अगाडि बढाउन लागेको छ । सो आयोजनामा बागलुङ र गुल्मीका करीब एक हजार ३ सय ८० जनाले सामूहिक लगानी गरेका छन् । आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरीद सम्झौता (पिपिए)का लागि प्रारम्भिक मस्यौदामा हस्ताक्षरसमेत गरिसकेको सहकारी संस्थाका अध्यक्ष कृष्ण आचार्यले बताए । आयोजनाको सर्वेक्षणलगायतका प्राविधिक काम पूरा भएको छ ।

सहकारीमा २ सय ९० जना सेयर सदस्य रहेका छन् । आयोजना अगाडि बढाउनका लागि सेयर सदस्य थप गरिने र स्थानीय तथा प्रभावितलाई समेत सहभागी गराइने लक्ष्य लिइएको छ । पहुँचमार्ग निर्माण, प्रसारण लाइन सर्वेक्षणलगायतका कामका लागि सेयर सदस्यले नै प्रारम्भिक लगानी गर्नेछन् । त्यसका लागि सुरुमा रू. ५० करोड लगानी गरिनेछ । सेयर सदस्यबाट आयोजनाका लागि रू. सात करोड ६० लाख १५ हजार सङ्कलन भइसकेको छ ।

यस्तै सरकारले म्यादी जिल्लामा आयोजना स्थल रहेको २५ मेगावाट क्षमताको दरबाङखोला जलविद्युत् आयोजनालाई उत्पादन अनुमति दिएको छ । धौलागिरि कालिका हाइड्रोपावरले निर्माण गर्न लागेको सो आयोजनाको प्राधिकरणसँग विद्युत् खरीद सम्झौता भइसकेको छ । यसको कुल लागत रू. चार अर्ब रहनेछ । सरकारले हालसम्म कुल ८६ ओटा जलविद्युत् आयोजनालाई उत्पादन अनुमतिपत्र प्रदान गरेको छ । सो अनुमतिपत्र दिइएका आयोजनाबाट दुई हजार ९६ मेगावाट विद्युत् उत्पादन हुनेछ । रासस

श्रोतः अभियान, २०७१/१२/२४

## आँधीखोला जलविद्युतको मर्मत संभारपछि पुन व्यापारिक उत्पादन शुरु

बुटवलपावर कम्पनीले निर्माण गरेको आँधीखोला जलविद्युत् आयोजनाले मर्मत संभारपछि पुन व्यापारिक उत्पादन शुरु गरेको छ । आयोजनामा जडित उपकरणहरु करीब सयबर्ष पुरानो भएको र छिटो छिटो बिग्रीरहने भएकाले कम्पनीले पुराना उपकरणहरु हटाई नयाँ उपकरण जडान गरी आयोजना आइतवारदेखि पुनः सञ्चालनमा ल्याएको हो । बुटवल पावर कम्पनीले २०४८ सालमा आँधी खोला जलविद्युत् आयोजनाको निर्माण कार्य सम्पन्न गरी ५ दशमलव १ मेगावाट विद्युत् उत्पादन गर्दै आएको थियो । त्यस्तै कम्पनीले उत्पादनको क्षमता बृद्धी गरि ५ दशमलव १ मेगावाटबाट ९ दशमलव ४ मेगावाटमा पुर्‍याएको छ ।

मेगा बैङ्क लिमिटेड, नेपाल र विश्व बैङ्क अन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगमबाट ऋण लिई पुनः निर्माण गरिएको आयोजनामा करीव ६ करोड रकम खर्च भएको कम्पनीले बताएको छ । नयाँ उपकरणहरु जडानपछि भूमिगत विद्युतगृहको लम्वाई करीब ८ मिटर लामो भएको छ । साथै टेलरेस टनेलको साइजपनि बढाइएको छ । झण्डै २५० मिटर लामो नयाँ पेनस्टक पाइप थपगरीएको छ । यस आयोजनामा रबरबाट बनेको ड्यामको पनि व्यवस्था गरीएको छ जसलाई कम्पनीले नेपालमा भित्र्याइएको नौलो प्रविधी भएको दावी गरेको छ । यस आयोजनाका मूख्य मूख्य सँरचनाहरुमा कँक्रिट ड्याम, ३ ओटा इन्टेक गेटहरु, २ ओटा डिसिल्टीङ्ड बेसिन, हेडरेस टनेल, पेनस्टक पाइप, विद्यत्गृह र टेलरेस टनेल रहेका छन् । यस आयोजनाबाट वार्षिक ७० दशमलव ७३ गेगावाट आवर विद्युत् उत्पादन हुनेछ । विद्युत् गृहमा ३ ओटा मेशिनहरु जडान गरीएका छन् । आयोजना निर्माण सम्पन्न गर्न कम्पनीलाई करीब दुई बर्ष लागेका थियो ।

यस आयोजनाले स्थानीय कृषकहरुको महत्वपूर्ण मागहरुलाई ध्यानमा राखी सिंचाईलाई चाहिने पानी नियमित रुपमा उपलव्ध गराइएको पनि कम्पनीले जानकारी दिएको छ ।

श्रोतः कारोवार, २०७१/१२/२४

# प्राधिकरणले आवश्यक भएमात्र आयोजनाबाट बिजुली किन्ने

*आत्मघाती निर्णय : निजी क्षेत्र*

बाबुराम खड्का

काठमाडौं, २३ चैत – नेपाल विद्युत् प्राधिकरणले आवश्यकताअनुसार मात्रै विद्युत् किन्ने गरी जलविद्युत् आयोजनाका प्रवद्र्धकसँग विद्युत् खरिद–बिक्री सम्झौता (पीपीए) गर्ने भएको छ । प्राधिकरणले सन् २०१७ पछि वर्षात्मा सयौं मेगावाट बिजुली खेर जाने भन्दै आवश्यकताका आधारमा मात्र विद्युत् किन्ने सर्त राखेर आयोजनासँग पीपीए गर्न थालेको हो ।

ग्रिड प्रभाव अध्ययन (जीआईएस) का आधारमा यस्तो निर्णय लिएको प्राधिकरणले जनाएको छ । जीआईएसले सन् २०१७ पछि वर्षात्मा रातको समयमा झन्डै ८ सय मेगावाट बिजुली खेर जाने देखाएको छ । हालसम्म प्राधिकरणले आधा दर्जन आयोजनासँग डिस्प्याचेबल (आवश्यकताअनुसार) पीपीए गरेको छ । यसअघि, लेऊ वा देऊ (टेक अर पे) का आधारमा पीपीए गर्दै आएको थियो ।

जीआईएस लागू हुनुअघि विद्युत् जडान सम्झौता (कनेक्सन एग्रिमेन्ट) गरिसकेका आयोजनासँग 'टेक अर पे'मा पीपीए हुनेछ । नयाँ जीआईएस लागू भएपछि जडान सम्झौता भएका आयोजनासँग प्राधिकरणले डिसप्याचेबल पीपीए गर्नेछ ।

वर्षात्मा बढी र हिउँदमा उत्पादन कम भई लोडसेडिङ हुने अवस्था आउन लागेपछि 'लेऊ वा देऊ' नीतिमा परिवर्तन गरेर आवश्यकताका आधारमा पीपीए गर्न लागेको प्राधिकरण विद्युत् व्यापार विभागका निर्देशक अनिल राजभण्डारी बताउँछन् । "अब खपत बढेर आवश्यकता भएमात्र प्राधिकरणले आयोजनाबाट बिजुली किन्नेछ," उनले भने ।

अहिले अधिकांश आयोजना एक्सिडेन्टल फलो (क्यु ४०) मा डिजाइन भएकाले वर्षात्को ४ महिना बढी बिजुली उत्पादन हुने तर बढी माग हुने हिउँदमा उत्पादन घटेर लोडसेडिङ जारी रहने अवस्था भएकाले वर्षात्को बिजुलीलाई केन्द्रित गरी यस्तो व्यवस्था गरिएको उनको भनाइ छ ।

वर्षात्मा बिजुली बढी हुने तर प्रसारणलाइनको समस्याले गर्दा थप बिजुली बेच्न नसक्ने अवस्था रहेको प्राधिकरणले जनाएको छ । निर्माणाधीन ४ सय केभी क्षमताका नेपाल–भारत अन्तरदेशीय प्रसारणलाइनको क्षमता बुक भइसकेको छ । १ हजार २ सय मेगावाट बिजुली प्रवाह हुने यो प्रसारणलाइन निर्माण जुलाई अन्तिममा सक्िने लक्ष्य छ । यस्तै, दोस्रो ठूलो अन्तरदेशीय प्रसारणलाइन अनिश्चित भएपछि बजारको समस्या हुन गई अर्बौं रुपैयाँ नोक्सान

हुने प्राधिकरणको प्रक्षेपण छ ।

निजी क्षेत्रले भने प्राधिकरणको निर्णय प्रवद्र्धकलाई डुबाउने नियतका साथ आएको भन्दै विरोध गरेको छ । नेपाल उद्योग वाणिज्य महासंघ जलविद्युत् समितिका सभापति ज्ञानेन्द्रलाल प्रधानले डिसप्याचेबल पीपीए आत्मघाती निर्णय भएको बताए । "ऊर्जा संकट भएका बेला 'यति मात्र किन्छु' भन्नु गलत छ," उनले भने, "यस्तो निर्णयले आयोजनाप्रतिको आकर्षण घट्नुका साथै बैंकले पनि लगानी नगर्ने सम्भावना बढेर गएको छ ।"

'टेक अर पे' पीपीए हुनुपर्नेमा प्रधानको जोड छ । डिसप्याचेबल पीपीए गर्न प्राधिकरण धाउनु लगानीकर्ताको पनि दोष रहेको प्रधान बताउँछन् । "०१७ पछि बिजुली बढी हुन्छ भन्ने प्रक्षेपणका आधारमा प्राधिकरणले यो नीति लिएको हो," उनले भने, "एकल खरिदकर्ता संस्था रहेसम्म यो अवस्था रहन्छ । त्यसैले छिट्टै विद्युत् व्यापार गर्न कम्पनी गठन गर्नुपर्छ ।" निजी क्षेत्र व्यापार कम्पनी गठन गर्न तयार रहेको उनले बताए ।

प्राधिकरणले हालसम्म १५५ आयोजनाबाट २ हजार १ सय मेगावाटको पीपीए गरेको छ । अझै दर्जनौं अयोजना पीपीएको पखाईमा छन् । प्राधिकरणले सय मेगावाटसम्मका आयोजनासँग एउटै दर निर्धारण गरेर पीपीए गर्दै आएको छ ।

प्राधिकरणले निजी प्रवद्र्धकसँग २५ वर्षका लागि पीपीए गर्दै आएको छ । यसअघि, २५ मेगावाटसम्म एकैदरमा पीपीए हँुदै आएकोमा अहिले दायरा बढाएर सय मेगावाट पु¥याइको हो, जसअनुसार वर्षात्को ८ महिनामा प्रतियुनिट ४ रुपैयाँ ८० पैसा र हिउँदको ४ महिनामा ८ रुपैयाँ ४० पैसा छ । यो क्षमताभन्दा ठूला आयोजनासँग आपसी वार्ताबाट पीपीए दर निर्धारण हुनेछ ।

श्रोतः कारोवार, २०७१/१२/२५

# अरुण तेस्रो बनाउन सतलजले नेपाली बैंकसँग ऋण लिने

बाबुराम खड्का
काठमाडौं, २४ चैत – भारतको एसजेबीएन अरुण– ३ हाइड्रोपावर लिमिटेडले ९०० मेगावाट क्षमताको अरुण तेस्रो आयोजना बनाउन नेपाली बैंकबाट पनि ऋण लिने भएको छ । सतलज जलविद्युत् निगम लिमिटेडअन्तर्गतको एसजेभएनले नेपालका ३० वाणिज्य बैंक र सरकारको स्वामित्व रहेको जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल)लाई पत्राचार गरी आउँदो शुक्रबारसम्म प्रस्ताव पेस गर्न भनेको छ । उसले रकम भने खुलाएको छैन ।

बैंकसँग लगानी गर्न सक्ने रकम, ब्याजदर र ऋण अवधि विवरण मागेको एसजेभीएनका नेपाल प्रतिनिधि हरिराम सुवेदीले बताए । बैंकबाट प्रस्ताव आएपछि उनीहरूसँग छलफल अघि बढ्ने जानकारी उनले दिए ।

एभरेस्ट, एसबीआई र स्ट्यान्डर्ड चार्टर्ड बैंकले अरुण तेस्रोमा लगानी गर्न आफूहरू तयार रहेको जानकारी गराएपछि एसजेभीएनले कर्जा लिने प्रक्रिया सुरु गरिएको उनले बताए । "कर्जा सबैबाट लिनुपर्छ भन्ने मान्यताका आधारमा ३० वटै बैंक र एचआईडीसीएलबाट 'ग्याप लोन' लगानीको प्रस्ताव मागेका हौं," सुवेदीले भने, "उनीहरूको प्रस्ताव कुरिरहेका छौं ।"

एसजेभीएनले नपुगेको करिब ४ अर्ब रुपैयाँ नेपाली बैंकबाट ब्रिज लोन लिनेछ । प्रसारणलाइसमेत गरी अरुण बनाउन १ खर्ब १६ अर्ब रुपैयाँ लाग्ने सम्भाव्यता अध्ययनले देखाएको छ । लगानी संरचनाअनुसार ७५ प्रतिशत (८७ अर्ब रुपैयाँ) ऋण र २५ प्रतिशत (२९ अर्ब रुपैयाँ) सतलज जलविद्युत् निगम लिमिटेडले स्वपुँजी (इक्युटी) लगानी गर्दैछ । एसजेभीएन सतलजको सहायक कम्पनी हो ।

सतलजले भारत सरकारको पावर फाइनान्स कर्पोरेसन (पीएफसी)सँग ऋण लगानीका लागि छलफल गरिरहेको छ । पीएफसीले ७५ अर्ब रुपैयाँ लगानी गर्न सैद्धान्तिक सहमति जनाइसकेको छ । त्यस्तै, स्टेट बैंक अफ इन्डिया र पञ्जाब नेसनल बैंकसँग पनि छलफल भइरहेको सुवेदीले बताए । एसजेभीएन सरकारी संस्था भएकाले लगानी जुटाउन र बिजुलीको बजारका लागि समस्या नभएको उनको तर्क छ ।

आगामी सेम्प्टेम्बरदेखि आयोजनाको बाँध निर्माणका लागि सिभिलअन्तर्गत पहिलो लटको बोलपत्रमा भाग लिने कम्पनीको पूर्वयोग्यता छनोट गर्ने कार्ययोजना छ । लगानी बोर्डसँगको सहकार्यमा एसजेभीएनले १८० हेक्टर जग्गा अधिग्रहणको काम थालेको छ । अधिग्रहणमा सरकारले सघाउने बोर्ड र एसजेभीएनबीचको आयोजना विकास सम्झौता (पीडीए)मा उल्लेख छ ।

एसजेभीएनले आगामी २५ वर्षका लागि विद्युत् उत्पादन अनुमतिपत्र (लाइसेन्स) पाउनेछ । अरुण बनेपछि नेपालले निःशुल्क बिजुली, करलगायतबाट २५ वर्षमा ३४८ अर्ब रुपैयाँ लाभ पाउनेछ ।

पीडीएको २ वर्षभित्र लगानी र बिजुलीको बजार व्यवस्थालगायत निर्माणपूर्वका काम सम्पन्न गरी सन् २०२१ को अन्त्यसम्म आयोजना पूर्ण रूपमा बनाइसक्ने लक्ष्य छ । आयोजनाप्रभावित स्थानीयले ६ प्रतिशत अर्थात ८० लाख

कित्ता सेयर पाउँदैछन् । प्रभावित ६ गाविसमा एसजेभीएनले निःशुल्क विद्युतीकरण गर्नेछ ।
अरुण तेस्रोबाट नेपालले २१.९ प्रतिशत अर्थात १९८ मेगावाट (वार्षिक ८६ करोड युनिट) बिजुली सित्तैमा पाउनेछ ।
आयोजनाबाट वार्षिक ३ अर्ब ९२ करोड २४ लाख युनिट बिजुली उत्पादन हुने सतलजले तयार गरको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर)ले देखाएको छ । ०८० भित्र आयोजना सम्पन्न गरे उसले साढे ४ अर्ब रुपैयाँ अनुदान, १० वर्ष पूरै र ५ वर्ष आधा गरी १५ वर्ष आयकर छुट पाउनेछ ।
प्रतिस्पर्धाबाट सबैभन्दा बढी बिजुली दिने प्रस्ताव गरेपछि सतलजले सन् २००८ मा अरुण आयोजना पाएको हो । ६ वर्ष अवधिमा उसले आयोजनाको डीपीआरका साथै वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनसमेत तयार गरी सरकारलाई बुझाइसकेको छ । आयोजना संखुवासभा र भोजपुरको सिमाना भएर बग्ने अरुण नदीमा पर्छ ।
आयोजनाको बाँध नुम र पाथिभरा र विद्युत्गृह डिजिङ गाविसमा पर्छ । बाँधबाट विद्युतगृहसम्म ११ किलोमिटर लामो सुरुङ खन्नुपर्नेछ ।

श्रोतः  कान्तिपुर,  २०७१/१२/२६

# प्राधिकरणको ठेक्कासम्बन्धी गोप्य कागजात चुहियो

*लोकमणि राई*

माथिल्लो अरुण र इखुवा खोला जलविद्युत् आयोजनाको परामर्शदाता (ठेकेदार) को योग्यता मूल्यांकन गर्न बनाइएको विद्युत् प्राधिकरणको अति गोप्य कागजात चुहिएको छ । चुहिएको प्रमाणसहित उजुरी परेपछि प्राधिकरणले परामर्शदाता छान्ने प्रक्रिया रोकेर आन्तरिक छानबिन सुरु गरेको छ ।

यो परामर्शदातासम्बन्धी हालसम्मकै ठूलो ठेक्का हो । कम्तीमा साढे ८ वर्ष परामर्श सेवा आवश्यक पर्ने माथिल्लो अरुण (३ सय मेगावाट) र इखुवा खोला (३० मेगावाट) को ठेक्का रकम करिब साढे ४ अर्ब रुपैयाँ छ । त्यही भएकाले आर्थिक प्रलोभनमा उच्च अधिकारीले उक्त कागजात चुहाएको आशंका छ । प्राधिकरणले यी दुवै आयोजनाका लागि परामर्शदाता छनोट गर्न माघमा आशयपत्र माग गरेको थियो । आशयपत्र पेस गर्ने अन्तिम मिति फागुन १९ तोकिएको थियो । त्यसको केही दिनअघि योग्यता मूल्यांकन गर्न बनाइएको प्राधिकरणको अति गोप्य कागजातसहित प्राधिकरणको कार्यकारी निर्देशक र प्राधिकरणको आयोजना विकास विभागमा इमेलबाट उजुरी परेको हो ।

उजुरी कसले गरेको हो भन्ने खुल्न सकेको छैन । तर अनुभव र क्षमताका आधारमा अंक दिएर ठेकेदारको योग्यता मापन गर्न बनाइएको गोप्य कागजात चुहिएको प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले स्वीकार गरे । 'क्राइटेरिया इभ्यालुएसनसम्बन्धी कागजात चुहिएको गुनासो आएको छ,' उनले भने, 'यसले हामीलाई गम्भीर बनाएको छ । आन्तरिक रूपमा छानबिन गरिरहेका छौं ।'

स्रोतका अनुसार इमेल उजुरी विदेशबाट परेको हो । उजुरीमा प्राधिकरणको ठेक्कापट्टामा गलत अभ्यास हुँदै आएको सुन्दै आएको तथा यस पटक प्रमाण नै फेला परेको उल्लेख गरिएको छ । 'उजुरीमा प्राधिकरणको विश्वासनीयतामै प्रश्न उठाइएको छ,' स्रोतको भनाइ छ, 'ठेकेदार छनोट फेयर छैन भन्ने कुरा छ ।' जानकारहरूका अनुसार यस्तो गोप्य कागजात प्राधिकरणको सञ्चालक समितिमा पुगेपछि सार्वजनिक हुने गर्छ ।

माथिल्लो अरुण र इखुवा खोलासम्बन्धी उक्त कागजात प्राधिकरण सञ्चालक समिति, प्राधिकरणका कार्यकारी निर्देशक काफ्ले र प्राधिकरणको आयोजना विकास विभाग प्रमुख लीलानाथ भट्टराईसँग मात्र थियो । कार्यकारी निर्देशक काफ्लेले उजुरी

पर्नसाथ ठेकेदार छान्ने काम रोकेको बताए । 'आन्तरिक छानबिनको नतिजा नआएसम्म मूल्यांकन प्रक्रिया रोकेको छौं,' उनले भने ।

ठेकेदारको योग्यता निर्धारण गर्न उसको क्षमता र अनुभवका आधारमा अंक दिन बनाइने यस्तो कागजात प्राधिकरण सञ्चालक समितिबाट स्वीकृत हुन्छ । जानकारहरूका अनुसार यस्ता गोप्य कागजात सञ्चालक समितिमै पुगेपछि ठेकेदारको हातमा पर्ने गरेको छ । 'प्राधिकरणकै कर्मचारीले निहित स्वार्थमा चुहाउँछन् वा सञ्चालकले यकिनका साथ भन्न सकिन्न,' स्रोतले भन्यो, 'तर सञ्चालक समितिमा पुगेपछि कुनै पनि कागजात गोप्य रहन्न ।'

कान्तिपुरलाई प्राप्त उक्त गोप्य कागजातमा ठेकेदारको योग्यता मूल्यांकन गर्न 'जनरल थ्रेसहोल्ड क्राइटेरिया', 'टेक्निकल थ्रेसहोल्ड क्राइटेरिया' र 'थ्रेसहोल्ड क्राइटेरिया फर ज्वाइन्ट भेन्चर फर्म्स' निर्धारण गरिएको छ । त्यस्तै ठेकेदारको व्यवस्थापन, विशेष अनुभव र भौगोलिक अनुभव मापन गर्न अंक तालिका निर्धारण गरिएको छ ।

ठेकेदारको व्यवस्थापन क्षमताअन्तर्गत विभिन्न उपशीर्षकमा २ सय अंक भार निर्धारण गरिएको छ । त्यस्तै विशेष अनुभवअन्तर्गत विभिन्न उपशीर्षकमा ७ सय र भौगोलिक अनुभवअन्तर्गत विभिन्न उपशीर्षकमा १ सय अंक भार राखिएको छ । 'कुन अनुभव र क्षमतामा कति अंक पाइन्छ भन्ने पहिला नै थाहा पाएर आशयपत्र हाल्नु र थाहै नपाई होलसेलमा हाल्नुमा धेरै फरक पर्छ,' प्राधिकरणका एक जना इन्जिनियरले भने, 'त्यही भएर ठेकेदारले यस्ता कागजात पाउन धेरै पैसा खर्च गर्छन् ।'

कार्यकारी निर्देशक काफ्लेले ठेकेदार मूल्यांकनसम्बन्धी कागजात गोप्य राख्दा प्राधिकरणको विश्वसनीयतामै प्रश्ने उठ्ने देखिएको बताए । 'यो गोप्य राख्नुपर्ने कागजात नै होइन,' उनले भने, 'कुन क्षमता र अनुभवमा कति अंक पाइन्छ भन्ने पूर्वजानकारी पाएमा सबै ठेकेदारले त्यसअनुसार नै तयारी गरेर प्रस्ताव हाल्छन् । यही कागजातका कारण कसैलाई पक्षपात हुने परिस्थिति रहँदैन ।'

परामर्शदाता सेवाका लागि १८ कम्पनीले आशयपत्र दिएका छन् । त्यसमध्ये योग्य कम्पनीलाई प्राधिकरणले सर्ट लिस्ट गर्छ र प्रस्ताव आह्वान गर्छ । जुन कम्पनीले राम्रो परामर्श सेवा प्रदान गर्ने प्रस्ताव गर्छ, उसैले ठेक्का पाउँछ । ठेक्का पाउने परामर्शदाता कम्पनीले माथिल्लो अरुण र इखुवा खोलाको डिटेल इन्जिनियरिङ डिजाइन बनाउने र निर्माण सुपरिवेक्षणको काम गर्नुपर्छ ।

श्रोतः कान्तिपुर, २०७१/१२/२६

# खिम्ती- ढल्केबर बनाउन सुरक्षाकर्मी परिचालन हुने

खिम्ती-ढल्केबर प्रसारण लाइन निर्माणका लागि सुरक्षा प्रदान गर्न गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालय र सिन्धुलीका प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई आदेश दिएको छ । रणनीतिक महत्त्वको उक्त प्रसारण लाइनको काम रोकिएको २० महिनापछि ऊर्जा मन्त्रालयको आग्रहमा गृहले सोमबार त्यस्तो आदेश दिएको हो ।

'गह्ृ मन्त्रालयले खिम्ती-ढल्केबर प्रसारण लाइन निर्माण गर्न सुरक्षा प्रदान गर्ने भएको छ,' ऊर्जा मन्त्रालय स्रोतले भन्यो, 'सुरक्षा प्रदान गर्न सिन्धुलीका सीडीओ र प्रहरी प्रधान कार्यालयलाई आदेश जारी भएको जानकारी आएको छ ।'

सुरक्षाकर्मी परिचालन हुने भएपछि विद्युत् प्राधिकरणले बुधबारदेखि काम सुरु गर्न ठेकेदारलाई निर्माणस्थल परिचालन गरिसकेको छ । तर विपक्षी मोर्चाको बन्दका कारण काम सुरु हुन एक/दुई लाग्न सक्ने प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले जनाए । 'बुधबारदेखि काम सुरु गर्ने तयारी हो,' उनले भने, 'ठेकेदार फिल्डमै भए पनि बन्दका कारण काम सुरु हुन एक/दुई दिन लाग्न सक्छ ।'

प्राधिकरणकै अनुरोधमा ऊर्जा मन्त्रालयले सुरक्षा माग गर्दै गृहलाई पत्राचार गरेको हो । काफ्लेले स्थानीय बासिन्दामाथि बल प्रयोग गरेर प्रसारण लाइन निर्माण गर्नु प्राधिकरणको उदेश्य नभएको बताए ।

उनले अब कुनै पनि बहानामा खिम्ती-ढल्केबर प्रसारण लाइन निर्माण कार्य नरोकिने पनि प्रस्ट पारे ।

'बल प्रयोग गर्ने हाम्रो उद्देश्य होइन । स्थानीय बासिन्दालाई वार्ताका लागि आह्वान गरिसकेका छौं,' उनले भने, 'तर अब कुनै पनि बहानामा काम रोकिनु हुन्न भन्नेमा पनि उत्तिकै सजग छौं ।'

२ सय २० केभी क्षमताको उक्त प्रसारण लाइन निर्माण कार्य विश्व बैंकको आपत्तिका कारण २०७० असारदेखि रोकिएको हो । उसले ऊर्जा मन्त्रालयलाई पत्र पठाएर स्थानीय बासिन्दाले क्षतिपूर्ति नपाएको, अन्यायमा परेको भन्ने लगायत उजुरी गरेको भन्दै काम रोकेको थियो । त्यतिबेला विश्व बैंकले आफ्नो ऋण सहयोगमा सञ्चालित उक्त प्रसारण लाइनमा आफैंले छानबिन गरेपछि मात्र काम सुरु गर्न भनेको थियो । तर उसले २० महिना बितिसक्दा पनि छानबिन प्रतिवेदन बुझाएको छैन ।

पछिल्लो समय विद्युत् प्राधिकरणले एकतर्फी रूपमा काम सुरु गर्न लागेका बेला विश्व बैंकले करिब २ साताअघि काम रोक्नुको कारणबारे छानबिन प्रतिवेदन एकतर्फी रूपमा सार्वजनिक गरेको थियो । त्यसपछि प्राधिकरणले उक्त प्रतिवेदनले गरेको सिफारिससमेत समेट्ने उद्देश्यले काम रोकेको थियो । तर विश्व बैंकले उक्त प्रतिवेदन नै नदिएपछि अझ पर्खिंदा निर्माण कार्य हुने मुख्य समय बित्ने भएकाले प्राधिकरणले यही हिउँदमा उक्त प्रसारण लाइनको काम सक्ने उद्देश्यसहित सुरक्षा माग गरेको हो । 'विश्व बैंकले खिम्ती-ढल्केबर प्रसारण लाइनको महत्त्व र संवेदनशीलता नै बुझेन,' कार्यकारी निर्देशक काफ्लेले भने । विश्व बैंक, एसियाली विकास बैंक र जाइकालगायत दातृ निकाय नेपालको विकास निर्माणको काम महँगो र ढिलो बनाउन भूमिका खेलिरहेको भन्दै आलोचित छन् ।   खिम्ती-ढल्केबर निर्माण गर्न करिब ३ महिना लाग्छ । तत्काल काम सुरु नगरे वर्षा लाग्नुअघि उक्त प्रसारण लाइन निर्माण सकिँदैन । वषर्ा लागेपछि काम गर्न सकिँदैन । साथै

ठेक्का अवधि करिब ३ महिना मात्र बाँकी भएकाले उक्त प्रसारण लाइन निर्माणका लागि नयाँ ठेकेदार

खोज्नुपर्छ । '७ वटा पिलर ठड्याउन कुन ठेकेदार आउला ?' स्रोतको भनाइ छ ।

यो प्रसारण लाइन बने करिब १० मेगावाट विद्युत् चुहावट घटाउन सकिने प्राधिकरणले जनाउँदै आएको छ । अहिले लामो रुटका कारण विद्युत् चुहावट उच्च छ । त्यस्तै, ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसीको बिजुली केन्द्रीय प्रसारण लाइनमा ल्याई प्रयोग गर्न पनि यो प्रसारण लाइन बन्नु जरुरी छ । माथिल्लो तामाकोसी २०७३ साउनदेखि पूर्ण रूपमा सञ्चालनमा आउँछन् । यो प्रसारण लाइनको काम तत्काल सुरु नभए नयाँ ठेकेदार खोजेर आगामी काम सम्पन्न गर्न मुस्किल पर्छ । काम नसकिए प्रसारण लाइनको परीक्षण सम्पन्न गरी २०७३ साउन देखि माथिल्लो तामाकोसीको विद्युत् प्रयोग गर्न सकिँदैन । खिम्ती-ढल्केबरको ७५ किलोमिटरमध्ये ३ किलोमिटर क्षेत्रको ७ वटा टावर मात्र निर्माण हुन बाँकी छ ।

श्रोतः  कारोवार, २०७१/१२/२६

# डीपीआरमै आयोजनाको लगानी बढाउँछन् परामर्शदाता

विजय देवकोटा
काठमाडौं, २५ चैत
– पश्चिम सेती आयोजनाको परामर्शदाता स्नोई माउन्टेन इन्जिनियरिङ कर्पोरेशन (स्मेक)ले विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गर¥यो । लगानी जुटाउने र आयोजना बनाउने आश्वासनमा यो अस्ट्रेलियाली कम्पनीले ढेड त दशक बितायो नै, सरकारलाई डीपीआरको पूर्ण विवरणसमेत दिएन । लामो समयसम्म आयोजनामा लगानी जुटाउन नसकेपछि डीपीआर तयारीमा ३ करोड १० लाख अस्ट्रेलियन डलर (झन्डै ३ अर्ब रुपैयाँ) खर्च भएको दाबी गर्दै स्मेकले सो रकम माग गर¥यो ।
– जर्मन परामर्शदाता ल्याह्मेर इन्टरनेसनलले माथिल्लो तामाकोसी जलविद्युत् आयोजना बनाउन करिब ४५ अर्ब रुपैयाँ आवश्यक पर्ने प्रतिवेदन तयार गर¥यो । विद्युत् प्राधिकरणले उसको अनुमानित लागतमा असहमति जनाउँदै घटाउन लगाएर ३५ अर्ब २९ करोड रुपैयाँ बनायो । समयतालिकाअनुसार काम नहुँदा आयोजनाको लागत केही बढे पनि परामर्शदाताले तोकेकै लागत आधारमा आयोजना बनाएको भए खर्च अझै बढ्न सक्थ्यो ।
– कोरियाली कम्पनी ल्यान्डमार्कले बुट अवधारणामा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको कुल लागत ६ खर्ब ७० अर्ब रुपैयाँ पर्ने डीपीआर बनाएको छ । विमानस्थल बनाउन मुलुकको वार्षिक बजेटभन्दा झन्डै डेढ खर्ब रुपैयाँ बढी लागत पर्ने दाबीसहित तयार गरेको डीपीआर रोकेर उसले पनि सरकारसँग कि त आयोजना आफैंलाई बनाउन दिनुपर्ने, या डीपीआरबापतको रकम दिनुपर्ने सर्त राखेको छ ।

विदेशी परामर्शदाताले डीपीआर तयार गरेर पनि सर्त र समस्याले रोकिएका यी केही प्रतिनिधि आयोजना हुन् । निजी परामर्शदाता कम्पनीको स्वार्थकै कारण अधिकांश आयोजनाको डीपीआरमा लागत नै बढी देखाइएको हुन्छ । विश्व बैंक र एसियाली विकास बैंक (एडीबी)को सहयोगमा बन्ने आयोजनाकै लागतसमेत बढाइएको पाइन्छ । सरकारी संयन्त्रमा भएका प्राविधिक र आर्थिक विश्लेषकले जिम्मेवारी निर्वाह नगर्दा विदेशी परामर्शदाताले तयार गरेको लागतकै आधारमा आयोजना कार्यान्वयन गर्नुपर्ने बाध्यता छ ।
“१ खर्ब अनुमानित लागत रहेको द्रुतमार्ग बनाउन ३ खर्ब रुपैयाँ माग्ने निजी कम्पनीलाई नै डीपीआर बनाउन दिँदा उसले राख्ने लागत अहिले नै अनुमान गर्न सकिन्छ,” व्यवस्थापिका संसद्अन्तर्गतको विकास समितिले चैत १ गते काठमाडौं–तराई द्रुतमार्ग र निजगढ विमानस्थल निर्माणबारे राखेको

छलफलमा पूर्वअर्थसचिव रामेश्वर खनालले भने, “एकातिर नेपालमा अहिलेसम्म ठूला आयोजनामा निजी लगानीको मोडल असफल भइसकेको छ भने अर्कातिर हामीसँग यो मोडललाई व्यवस्थित गर्ने जनशक्ति छैन, त्यसैले लागत र व्यवस्थापनका हिसाबले ठूला आयोजना आफैं बनाउनुपर्छ ।”
खनालसहितका विज्ञले लगानीको स्रोतसमेत औंल्याउँदै यी २ आयोजना आन्तरिक स्रोतबाटै बनाउन सकिने दाबी गरेकै दिन भौतिक पूर्वाधार तथा यातायातमन्त्री बिमलेन्द्र निधीले भारतीय कम्पनी इन्टरनेसनल लिजिङ एन्ड फाइनान्सियल सर्भिस लिमिटेड (आईएल एन्ड एफएस)सँग काठमाडौं–निजगढ द्रुतमार्गको डीपीआर तयारीसम्बन्धी सम्झौता गरे ।
“निजी क्षेत्रले डीपीआर बनाउँदा आयोजनाको लागत अस्वाभाविक देखाउने र पछि डीपीआर नै लुकाउने जोखिम हुन्छ,” ट्रान्सपोर्ट इन्जिनियर तथा नीति विश्लेषक डा. सूर्यराज आचार्य भन्छन्, “जुनसुकै मोडलमा आयोजना बनाए पनि सर्त रहने (सोलुटेटेड) आयोजनाको डीपीआर सरकारले आफ्नै खर्चमा तयार गर्नुपर्छ, केबलकारजस्ता आयोजनामात्रै निजी क्षेत्रलाई दिनु उपयुक्त हुन्छ, जसमा सरकारको कुनै दायित्व पर्दैन ।” निजी क्षेत्रले आयोजनाको डीपीआर बनाउँदा आफूले प्राप्त गर्ने ऋणको ब्याजदर र निर्माणको जोखिम व्यवस्थापनसमेतलाई हेरेर लागत बढाउने उनी बताउँछन् ।
सरकारले लिने ऋणभन्दा निजी क्षेत्रले लिने ऋणको ब्याजदर उच्च हुने तथा अन्तर्राष्ट्रिय स्तरका ठेकेदारलाई अल्पविकसित देशमा काम गर्दा जोखिम हुने भयले बुट प्रणालीअन्तर्गत डीपीआर र निर्माणको जिम्मा एकलौटी लिएका कम्पनीले लागत उच्च देखाउनु स्वाभाविक रहेको उनले बताए ।
लगानी जुटाई ठूला पूर्वाधार विकास आयोजना अघि बढाउन प्रायः छलफल चलाइरहने विकास समितिका सभापति रवीन्द्र अधिकारी भन्छन्, “आयोजनाको लागत निरन्तर बढ्नुमा आश्रित परामर्श सेवा पनि एक हो, तत्काल सरकारी संयन्त्रभित्रबाटै यो काम गर्ने व्यवस्था मिलाउनुपर्ने देखियो । निजी कम्पनीलाई नै डीपीआर गर्न दिए पनि सरकारी संयन्त्रभित्रै त्यो ठीक भए÷नभएको जाँच गर्न सक्ने क्षमता हुनुपर्छ ।”
हाल नेपालले अधिकांश ठूला पूर्वाधार आयोजनाको डीपीआरमा अन्तर्राष्ट्रिय परामर्शदाता परिचालन गरिरहेको छ । “ठूला निर्माण कम्पनीसँग प्रत्यक्ष÷परोक्ष सम्बन्ध रहेका यस्ता कम्पनीले डीपीआरमार्फत तोक्ने परियोजना लागत वास्तविकभन्दा पनि निर्माण कम्पनीमैत्री हुने गर्छ,” नाम उल्लेख नगर्ने सर्तमा एक परामर्शदाताले भने, “हामीले अध्ययन गरिरहँदा नै डीपीआरमा आयोजनाको लागत उच्च देखाइदिन निर्माण कम्पनीबीच होडबाजी चल्ने गर्छ, लागत उच्च देखाइदिएपछि सरकारले सोहीअनुसार ठेक्का लगाउनुपर्छ ।”

**डीपीआरमा लागत बढ्नुका कारण :**

बुट मोडलअनुसार भए आफैंले निर्माण गर्ने र सरकारसँग फन्डिङ ग्याप दाबी गर्न सकिने
चर्को ब्याजदरको ऋण र जोखिम व्यवस्थापनको भय
निर्माण कम्पनीसँगको सम्बन्ध
मुनाफाको उद्देश्य

श्रोतः अभियान, २०७१/१२/२७

चाकेखोला जलविद्युत्को निर्माण वर्ष दिनभित्रै

**- दोस्रोपटक वित्तीय सम्झौता**

**- बैङ्कहरूको लगानी ६३ प्रतिशत**

चैत २६, ललितपुर । २ दशमलव ८३ मेगावाट क्षमताको चाकेखोला साना जलविद्युत् आयोजना ८ महीनादेखि १ वर्षसम्ममा पूरा हुने भएको छ । गर्जाङ उपत्यका हाइड्रोपावर लिमिटेडद्वारा प्रवद्र्धित उक्त आयोजनामा ८० प्रतिशत लगानी र सिभिलतर्पmको निर्माण कार्य ५० प्रतिशत सम्पन्न भएको कम्पनीका प्रबन्ध निर्देशक अरुणकुमार सुवेदीले जानकारी दिए । आयोजना व्यवस्थापनका अनुसार सबै प्रशासनिक काम पूरा भइसकेको छ ।

यसैबीच, आयोजना व्यवस्थापनले दोस्रोपटक नेपाल बैङ्कको नेतृत्वमा कर्जा लगानीका लागि सहवित्तीय कर्जा सम्झौता गरेको छ । ललितपुरमा बिहीवार आयोजित एक कार्यक्रममा बैङ्कहरूसँग उक्त सम्झौता भएको हो । सम्झौताअनुसार बैङ्कहरूको लगानी रू. ३० करोड ५० लाख रहनेछ । बाँकी रहेको रू. १७ करोड ४२ लाख लगानी स्वपूँजीबाट जुटाइने भएको छ । त्यसमध्ये पनि ७० प्रतिशत प्रवद्र्धक, १० प्रतिशत स्थानीय र २० प्रतिशत सर्वसाधारणका लागि छुट्ट्याइएको छ । आयोजनाको कुल लगानी रू. ४७ करोड ९२ लाख रहेको छ । आयोजनामा नेपाल बैङ्कसहित प्रभु बैङ्कले पनि कर्जा लगानी गरेको छ ।

सम्झौता कार्यक्रममा नेपाल बैङ्कका उपमहाप्रबन्धक कृष्ण श्रेष्ठले तोकिएकै समयमा आयोजना निर्माण भई सञ्चालनमा आउने विश्वास व्यक्त गरे । रामेछाप जिल्लाको चुचुरे गाविसमा निर्माणाधीन उक्त आयोजनामा स्थानीय रूपमा कुनै पनि अवरोध नभएकाले समयमै सम्पन्न हुने आयोजना बोर्ड निर्देशक लाक्पा शेर्पाले बताए । कम्पनीले स्थानीय र सर्वसाधारणका लागि शेयर निष्कासन गर्न एनआईबीएल क्यापिटल मार्केट लिमिटेडसँग सम्झौता भई प्रक्रिया अघि बढाइसकेको जानकारी दिएको छ ।

यसअघि क्लीन इनर्जी डेभलपमेण्ट बैङ्कको नेतृत्वमा कर्जा सम्झौता भए पनि सम्झौताका केही बुँदाको व्याख्या र आशयलाई लिएर कम्पनी र बैङ्कबीच मतभेद भएको थियो ।

त्यसपछि कम्पनी सञ्चालक समितिले सो बैङ्क नेतृत्वको ऋणदातासँग कर्जा नलिने निर्णय गरेको थियो । नेपाल विद्युत् प्राधिकरणसँग भएको विद्युत् खरीद सम्झौताअनुसार २०७२ जेठमा उत्पादन शुरू गर्ने लक्ष्य राखिएको भए पनि बैङ्कसँगको मतभेदका कारण आयोजना ढिलो गरी सम्पन्न हुन लागेको हो ।

श्रोतः नेपाल समाचारपत्र, २०७१/१२/२७

## जलविद्युत् निर्माण तत्काल रोक्न चेतावनी

मकवानपुरमा चौथो जलविद्युत् गृहको निर्माण थालिएको वाग्मती (माण्डु) साना जलविद्युत् आयोजनाको लागि गठित समानान्तर समिति बागमती साना जलविद्युत् आयोजना जनसरोकार तथा तथा समन्वय समिति मकवानपुर÷ललितपुरले यसअघिको सरोकार तथा सहयोग समितिले जारी राखेको निर्माण कार्य तत्काल रोक्न चेतावनी दिएको छ।

संघर्ष समितिले स्थानीय प्रभावित नागरिकको न्यायोचित माग सम्बोधन नभएसम्म काम अगाडि नबढाउन गरिएको आग्रहलाई बेवास्ता गर्दै आयोजना निर्माण कार्य जारी राखिएको भन्दै यस्तो चेतावनी दिएको हो।

संघर्ष समितिले आयोजनाले पार्ने वातावरणीय प्रभाव, भूक्ष्य जोखिम र यसबाट गाउँघरलाई पार्नसक्ने असरका विषयमा प्रभावितहरुलाई पूर्वजानकारी नगराई जबजरस्ती निर्माण कार्य अगाडि बढाएको भन्दै आक्रोश पोखेको छ।

यदि निर्माण कार्य जारी राखिए सशक्त ढंगले जनप्रतिरोध हुने चेतावनीसहित संघर्ष समितिले सार्वजनिक सूचना जारी गरेको छ।

यसअघि समितिले स्थानीय प्रभावितहरुलाई पूर्वजानकारी नगराई कुनै पार्टी विशेषको एकलौटी योजना जस्तो एकपक्षीय ढंगले निर्माण कार्य प्रारम्भ गर्न खोजेको हुँदा व्यापक जनअसन्तोष उत्पन्न भएको कारण विवादरहित ढंगले निर्माण कार्य अगाडि बढाउन नयाँ समन्वय समिति गठन गरेको थियो।

प्रभावित इपा, कोगटे, सिस्नेरीसहित ललितपुरको धुसेल र माल्टा गाविसका बासिन्दाले प्रभावित क्षेत्रका स्थानीयलाई २५ प्रतिशतदेखि ४० प्रतिशतसम्म शेयर वितरण हुनुपर्ने तथा प्रभावित क्षेत्रमा निःशुल्क र लोडसेडिङमुक्त विद्युत् वितरण

गरिनुपर्नेलगायत माग अघि सारेको थियो।

विद्युत् आयोजना निर्माण क्रममा व्यक्तिगत एवम् सार्वजनिक क्षति पुग्नसक्ने सम्भावनालाई मध्यनजर गरी आयोजनाका तर्फबाट तत्काल उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने, भौतिक निर्माणका लागि स्थानीयलाई प्राथमिकतालगायत माग राखिएको छ।

यसैबीच तत्कालीन हटिया गाविसको क्षेत्र रहेको हाल हेटौंडा उपमहानगरपालिका वडा नम्बर–१९, २०, २१ र २२ मा पर्ने बसोबास भइरहेको र खेतीयोग्य जमिनमा हाइटेन्सन लाइनको टावर नगाड्न स्थानीयले दबाब दिएका छन्। यसविरुद्ध संगठितहुँदै उनीहरुले शनिबार हरि वाग्लेको संयोजकत्वमा ११ सदस्यीय सरोकार समिति गठन गरेका हुन्। चारसय केभी नेपाल–भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाले उक्त क्षेत्रमा हाइटेन्सन लाइन विस्तार गर्न आठ वटा टावर निर्माणको सर्भे र अन्य कार्य अगाडि बढाएपछि स्थानीय आन्दोलित भएका हुन्।

उनीहरुले विकल्प हुँदा पनि बस्ती र खेतीयोग्य जमिनमा टावर गाडेर प्रसारण लाइन विस्तार गर्न लागेको भन्दै विरोध गरेका छन्। सरोकार समिति संयोजक वाग्लेले आयोजनाले छ महिनादेखि गरेको प्रयासको स्थानीयले प्रतिकार गर्दैआएको बताए। टावरका लागि आयोजनाले नाप नक्सांकन जारी राखेको भन्दै यदि सोही स्थानबाट प्रसारण लाइन विस्तार गरिए स्थानीयको बिघौं जग्गा टावरले लिने उनले बताए।

आफूहरुले करिब २० दिनअघि स्थानीय प्रशासनलाई विरोधपत्र दिएपनि बेवास्ता गरिएकाले बाध्य भएर सरोकार समिति गठन गर्नुपरेको उनले प्रष्ट्याए। सरोकार समिति सहसंयोजकमा धर्मराज खड्का तथा सदस्यमा रमेश

बलामी, दीपक ढकाल, केदार आचार्य, हरिप्रसाद अर्याल, कृष्णप्रसाद सुवेदी, सचित थापा, कुवेरनाथ गौतम, अर्जुन वाग्ले र सिर्जना पुलामी छन्।